नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्यटन विभाग

## भृकुटीमण्डप, काठमाण्डौं

## बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०८/१२

सूचना नं. : DOT/०२/०७५/७६

यस विभागको चालु आ.व.०७५/७६ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार पुजिगत तर्फका निम्नानुसारका निर्माण सुधार कार्यहरु गराउनु पर्ने भएकाले निर्माण व्यवसाय ऐन, २०५५ बमोजिम नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आ.ब. २०७४/०७५ सम्मको आयकरचुक्ता प्रमाणपत्र, मू.अ.कर दर्ता सहितको स्थायी लेखा नंबर प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र नोटरी पब्लिकबाट अनिवार्य प्रमाणित सहित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र बोलपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजे भित्र E-Bidding मार्फत बोलपत्र दाखिला गर्नुपर्नेछ । यसरी दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन बिदापरेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

४ बोलपत्र साथ जमानत वापतको रकम निम्न विवरणमा उल्लेखित नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, थापाथली, स्थित कोष तथा लेखा नियन्त्रक कार्यालय, (समन्वय कार्यालय) काठमाण्डौंको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचलित नमुना अनुशारको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

५. बोलपत्रमा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघि आएको र रित नपुगेको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

६. बोलपत्रदाताहरुले बढिमा तिनवटा फर्महरुको एक संयुक्त उपक्रम बनाई बोलपत्र पेश गर्न सक्नेछन् । तर एक बोलपत्रदताले संयुक्तउपक्रमको साझेदार वा व्यक्तिगत मध्ये कुनै एउटामा मात्र बोलपत्र पेश गर्न सक्नेछ ।

७. नेपाल सरकारको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पूर्ण अधिकार यस विभागमा सुरक्षित रहने छ ।

८. बोलपत्र सम्बन्धि थप कुरा बुझ्नु पर्ने भएमा मिति २०७५/०९/०३ गते दिनको १३.०० बजे प्रि बिड मिटिङ राखिएको छ ।

९. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. बोलपत्र सम्वन्धि सम्पूर्ण प्रकिया E-Bidding बाट मात्र मार्फत हुनेछ । ईच्छुक बोलपत्रदाताले e-procurement मार्फत www.bolpatra.gov.np/egp मा गई थप जानकारी प्राप्त गर्न, बोलपत्र Download गर्न र बोलपत्र दाखिला गर्न समेत सक्नेछन ।

११. बोलपत्र सम्वन्धि कागजात खरिदको लागि रकम जम्मा गर्ने बैंकको विवरण :

क. राजश्व दाखिलाको लागी :

रकम दाखिला हुने कार्यालयको नाम :- पर्यटन विभाग, भृकुटीमण्डप, काठमाण्डौं । बैंकको नाम :- एभरेष्ट बैंक लिमिटेड, सिंहदरबार शाखा, काठमाण्डौं ।

कार्यालयको कोड न :- ३२५–०२३–५०१, खाता नंबर: ००१००१०६२००००० राजश्व शिर्षक नं :- १४२२९

१२. कामको बिबरण यस प्रकार रहेकोछ ।

| सि.नं. | ठेक्का.नं . | कामको विवरण | ल.ई.रकम (मू.अ.कर र कन्टीन्जेन्सी बाहेक) रु. | जमानत रकम रु. | फाराम खरिद दस्तुर रु. | माध्यम | खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | DOT/NCB/CW-01/075/76 | Project: Construction and Improvement of Budhanilkantha Nuwakot Gosaikunda Trail. Site: Naukunda-Gosaikunda (3Km). | ४२,३८,५३७/- | १,२४,०००/- | ३०००/- | बोलपत्र | | |
| २. | DOT/NCB/CW-02/075/76 | Project: Construction and Improvement of Sagarmatha Race Trail Under Great Himalayan Trail (GHT). Site: Jiri-Shivalaya-Deurali-Bhandara section (15Km) | - | ७,४०,०००/- | ५०००/- | बोलपत्र | २०७५।०९।१२ | २०७५।०९।१३ विहान १२:०० बजे |
| ३. | DOT/NCB/CW-03/075/76 | Project: Construction of Tourism Infrastructure at Muktinath & Kagbeni Area Site: Muktinath & Kagbeni Mustang District | - | १२,६०,०००/- | ५०००/- | बोलपत्र | | |